पैयूं गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२०)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७६/७७ च.नं. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस पैयुँ गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुंहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७-७८ | प्राविधिक सहायक | पाँचौ तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव**

क. सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको

ख. अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव,पारस्पारिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग. कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको व्यक्ति

२. **दरखास्त दिने स्थानः-** पैयुँ गाउँ कार्यपालिकाको कार्यालय, हुवास, पर्वत

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७७/०५/०२

४. **आवेदनको दस्तुर** :- रु ५००

५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु -

क. नागरिकता

ख. न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र

ग. चारित्रिक प्रमाणपत्र

घ. अनुभव खुल्ने कागजात

ङ. २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधा** :- गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ११, १२ र १३ बमोजिम हुनेछ ।

२०७७/०४/२०

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

९. थप जानकारीको लागी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

नोटः- प्राविधिक सहायकको सेवा सुविधा तथा पाठ्यक्रमको लागि गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको सुचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट (**www.mofaga.gov.np**) बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

२०७६।०८।१२

जित बहादुर राना
प्रमुख प्रशासकिय अधिकृत